पूर्वेली जनसञ्चार सहकारी संस्था लि. विराटनगरद्वारा प्रकाशित जनविद्रोह दैनिकको परिवर्तित नाम www.hamromat.com www.facebook.com/hamromat2/ www.facebook.com/hamromat1/




# हाम्रोमत

राष्ट्रिय दैनिक

**सूचना**

प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा सुचिकृत **जनविद्रोह दैनिक**को परिवर्तित रुप **हाम्रोमत दैनिक** तपाईकोमा नियमित आइरहेको छ ? हामीलाई कुनै सुझाव, गुनासो, सूचना, विज्ञापन भएमा वा ग्राहक बन्नलाई सम्पर्क गर्नुहोस् ।

हाम्रोमत दैनिक

विराटनगर-९, ट्राफिक चौक

फोन: ०२१-५१२७९० (ग्राहक सेवा: ९७४२३०२७४०

hamromat@gmail.com | www.hamromat.com

वर्ष १८, अंक : ६५ | २०७८ साउन २८ गते बिहीबार | 2021 August 12 Thursday | Hamromat Daily | मूल्य रू. ५

## प्राधिकरणमा कुलमान नियुक्त



विराटनगर, २७ साउन(हाम्रोमत)- नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा सरकारले दोस्रो कार्यकालको लागि कुलमान घिसिङलाई नियुक्त गरेको छ।

ऊर्जा मन्त्रालयको प्रस्तावमा सोमबारको मन्त्रिपरिषद्‌ले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको हो। एक मन्त्रीका अनुसार सोमबार बसेको मन्त्रिपरिषद बैठकले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्ति गर्ने निर्णय गरेको छ। हालका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोगमा पठाइएको छ।

यसअघि गत मंगलबार ऊर्जामन्त्री पम्फा भुसालले शाक्यलाई प्राधिकरणमा घिसिङलाई नियुक्त गर्ने भन्दै सहजिकरणको लागि आग्रह गरेकी थिइन्। अघिल्लो कार्यकालमा लोडसेडिङ हटाएको र लामोसमय घाटामा रहेको प्राधिकरणलाई नाफामा ल्याएकोले उनको चौतर्फी प्रशंसा हुने गरेको छ।

चार वर्षे कार्यकाल सकिएपछि आम जनचाहना प्राधिकरणमा घिसिङलाई नियुक्त गर्नुपर्ने भएपनि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अस्वीकार गरेका थिए। उनलाई माओवादी निकट रहेको आरोपमा ओलीले नियुक्ति दिन मानेका थिएनन्।

घिसिङलाई विद्युत प्राधिकरणमा कार्यकारी निर्देशक बनाउन माग गर्दै त्यतिबेला सडक प्रदर्शनसमेत भएका थिए।

## 'कोशीटप्पुको जमिन ठेक्कामा दिनु गलत छैन'

बाँकी ३ पेजमा

### कलिलैमा बिहे

# महिला स्वास्थ्यमा बहुआयमिक जटिलता

हाम्रोमत संवाददाता

*विराटनगर २७ साउन*



'कि मलाई बिहे गरेर जान दिनुस्, कि मेरो आत्महत्याको खबर सुन्न तयार हुनुस्', केही समय अघि जिल्ला प्रहरी कार्यालय मोरङको काउन्सिलिङ कक्षमा १५ वर्षीया एक किशोरीले सबैका अघि अभिभावकलाई धम्क्याइन्।

कक्षा १० मा पढ्दा पढ्दै भारतीय एक युवकसँग प्रेम सम्बन्धमा परेकी उनले भागेर बिहे गरिन्। अभिभावकले प्रहरी गुहारे। उनको 'उद्धार' गरेर ल्याए। 'उनलाई खोजेर त ल्याइयो', मोरङका एक प्रहरी अधिकारीले भने 'तर, उनी बिहे नगरी नछाड्ने जिद्दीमा छन्। यसले जुनसुकै दुर्घटना ल्याउने खतरा छ।' कलिलैमा बिहे र त्यसमाथि कानुन र अभिभावकको अवरोधले कस्तो अवस्था ल्याउँछ भन्ने सामान्य अनुमान लगाउन यो प्रतिनिधि घटना कामलाग्दो हुनसक्छ। तर, कलिलैमा हुने बिहेले निम्त्याउने जटिलताका बहुआयामिक पाटा छन्। सबैभन्दा ठूलो जटिलता महिला स्वास्थ्यमा पर्ने अनुसन्धानहरुले देखाएका छन्।

बढ्दो बाल विवाह महिलामा अनेकौं स्वास्थ्य जटिलता आउने मुख्य कारण बनिरहेको छ। कलिलै उमेरमा हुने बिहेबारीले खासगरी गर्भावस्थामा जटिल स्वास्थ्य समस्या निम्त्याएको पाइएको छ।

कलिलैमा बिहे गरेपछि चाँडै यौन जीवनमा प्रवेश गर्ने, चाँडै गर्भवती हुने र आमा बन्ने दर बढेको छ। चिकित्सकहरुका अनुसार यही चलनले स्वास्थ्य जटिलता धेरै आइरहेको छ। 'कम उमेरमा महिलाका अंगहरु राम्ररी विकसित भइसकेका हुँदैनन्', मोरङ सहकारी अस्पताल विराटनगरका स्त्रीरोग विशेषज्ञ डा.बालकृष्ण साह भन्छन् 'यसले गर्दा गर्भावस्था र प्रसवमा धेरै समस्या आएको देखिएको छ। मोरङ जिल्लामा यो समस्या बढी देखिएको छ।'

डा. साहको अनुभवलाई सरकारी तथ्यांकले पनि सही सावित गर्छ। प्रदेश १ को सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखाका अनुसार शैक्षिक र आर्थिक रुपले सम्पन्नहरुकै बसोबास रहेको मोरङमै बालविवाहको दर धेरै छ। सरकारले 'बिहेबारी २० वर्ष पारी' भनेर धेरै अभियान चलाए पनि उमेरै नपुगी बिहे गर्ने, कलिलैमा बिहे गर्दा सम्बन्ध टिकाउ नहुने , हुँदा पनि महिलामा स्वास्थ्य जटिलता आउने समस्या धेरै भेटिएको छ।

विश्व स्वास्थ्य संघले प्रकाशन गरेको एक तथ्याङ्क अनुसार एक करोड ६० लाख किशोरीहरु (१५ देखि १९ बर्षका) बर्सेनि गर्भवती हुने गरेका छन् र १० लाख किशोरीहरु १५ बर्षमा नै आमा बन्ने गरेका छन्। यी गर्भवतीहरुमध्ये ९५ प्रतिशत कम तथा मध्यम आय भएका मुलुकका छन् । सोही तथ्याङ्क अनुसार १५ देखि १९ बर्षका किशोरीहरुका मृत्युको दोस्रो प्रमुख कारण गर्भको जटिलता र प्रसव नै रहने गरेको छ। करिब ३० लाख किशोरीहरु असुरक्षित गर्भपतन गराउने तथ्य पनि सो प्रतिवेदनमा उल्लेख छ।

'गर्भावस्था आफैमा एउटा जटिल अनि बिशेष अवस्था हो। यस अवस्थामा एकातिर आमा बन्ने खुशी जोडिएको हुन्छ भने अर्कातिर महिलाको स्वास्थ्यमा गम्भीर र ज्यान जाने खतरा समेत रहन्छ', दशकभन्दा लामो समयदेखि महिला स्वास्थ्यका क्षेत्रमा सक्रिय रहेका चिकित्सक साह थप्छन् 'किशोरावस्थामा गर्भवती भएमा स्वाभाविक रुपमा गर्भका जटिलताहरु बढी आउँछन्।' उनका अनुसार २० बर्षभन्दा कम उमेरमा बच्चा जन्माउँदा एकातिर मातृमृत्यु दर बढी हुन्छ भने अर्कातिर बच्चाको तौल कम हुने तथा मृत्युदर धेरै गुणाले बढी हुने गरेको छ।

कम उमेरमा गर्भवती हुँदा रक्तअल्पता हुने, बच्चाको तौल कम हुने, गर्भको अवधि नपुग्दै (३७ हप्ता भन्दा अगाडि) बच्चा जन्मिने तथा गर्भवतीको रक्तचाप बढ्ने र त्यस सम्बन्धि जटिलताहरु थपिने सम्भावना हुने उनको भनाइ छ।

बाँकी ३ पेजमा

## एमालेका कारण नामकरण भएनः काँग्रेस



हाम्रोमत संवाददाता

*विराटनगर, २७ साउन*

नेपाली कांग्रेसले नेकपा एमालेका कारण प्रदेश १ को नामाकरणमा ढिलाइ भएको बताएका छन्। प्रदेश १ प्रदेशसभाको बुधबारको बैठकमा विशेष समय लिएर बोल्दै नेपाली काँग्रेस संसदीय दलका प्रमुख सचेतक कार्कीले एमाले र मुख्यमन्त्रीको कारण नै नामाकारणमा ढिलाइ भइरहेको दावी गरे।

'हामीले नामाकरणको प्रकृया बढाऔं भन्यौं तर, दलभित्र छलफल गर्छौं भनेर एमालेका साथीहरुले भन्नुभयो,' प्रमुख सचेतक कार्कीले भने, 'हिजो मुख्यमन्त्रीले दलहरुले समय मागेका कारण ढिलाइ भयो भन्ने प्रतिकृया दिनुभएछ, यो झुट कुरा हो।' पहिले बिहे र नामाकरण एकसाथ गर्ने भन्दै मुख्यमन्त्रीले भन्दै हिंडेको स्मरण गर्दै कार्कीले व्यंग्य गर्दै भने 'अब प्रदेशको नामाकरण र न्वारान सँगै गर्ने हो कि ?'

नामाकरणको सम्बन्धमा सभामुखले कार्यविधि बनाएर छलफलका लागि प्रस्ताव गर्नसक्ने भएकोले भोलि नै प्रस्ताव अगाडि बढाउन कार्कीले आग्रह गरे। प्रदेश सरकार सुध्रिएला भनेर लामो समय पर्खिएको भन्दै उनले सुध्रिने सम्भावना नरहेको भन्दै चर्को आलोचना गरे।

बाँकी ३ पेजमा

### 'दलहरुकै कारण ढिलाइ'

विराटनगर, २७ साउन (हाम्रोमत)- प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले दलहरुले समय मागेका कारण प्रदेश नामाकरण सम्बन्धी प्रस्ताव अघि नबढेको बताएका छन्। नामाकरणमा भइरहेको भइरहेको ढिलाइका सम्बन्धमा सोधिएको प्रश्नमा मुख्यमन्त्री राईले नामका विषयमा दलहरुले समय मागका कारण प्रस्ताव अघि नबढेको बताएका हुन्।

'दलहरुले आ-आफ्नो दलमा छलफल गरेर फेरी छलफलमा बस्छौं भनेका छन्। दोश्रो चरणको बसाइमा नामहरु आउला अनि छलफल अघि बढ्छ' केही बिलम्ब भएपनि चालु अधिवेशनमै नामाकरण टुंगो लगाइने उनको दावी छ। अन्य दलहरुले समय मागेका कारण नामाकरणको प्रस्ताव अघि नबढेको भन्ने मुख्यमन्त्रीको भनाइमा सत्यता नभएको अन्य दलका सांसदहरुले बताएका छन्। मुख्यमन्त्रीले दलहरुसँग औपचारिक रुपमा यो विषय छलफलमै नल्याएको बरु नेकपा एमाले भित्रै यस विषयमा सहमति बन्न नसकेका कारण नामाकरणको विषय अन्यौलमा परेको आरोप अन्य दलहरुले लगाएका छन्।

## किशोरी हत्या गर्ने तीन पक्राउ

उदयपुर, २७ साउन (हाम्रोमत)- उदयपुरको त्रियुगा नगरपालिका-६ मोहनपुरकी १६ वर्षीया किशोरी कृशला चौधरीको हत्यामा संलग्न रहेको आशङ्कामा जिल्ला प्रहरी कार्यालय उदयपुरले तीन जनालाई पक्राउ गरेको छ। साउन १३ गतेदेखि बेपत्ता भएकी कृशलाको १९ गते मोहनपुरको राजदेवी सामुदायिक वनमा विभत्स अवस्थामा हत्या गरिएको शव फेला परेको थियो।

कृशलाको हत्या रहस्यमय रहेको र अनुसन्धान निकै जटिल भएका कारण अहिले प्रहरीले विभिन्न कोणबाट कडाइका साथ अनुसन्धान सुरु गरेको जनाएको छ। हत्यामा संलग्न भएको आशङ्कामा प्रहरीले तीन जनालाई पक्राउ गरेर अनुसन्धान सुरु गरेको प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए।

कृशलाका बुबा प्रेम चौधरीका अनुसार १३ गते जङ्गलमा घाँसदाउरा गर्न गएकी छोरी फर्केकी थिइनन्। खोजी गर्ने क्रममा साउन १९ गते स्थानीय राजदेवी सामुदायिक वनमा उनको बिभत्स अवस्थामा शव फेला परेको हो। उनको बलात्कारपछि हत्या भएको आशंका गरिएको छ। प्रहरीका अनुसार कृशलाको शव हेर्दा यौनाङ्ग क्षतविक्षत भएर भएको, शरीरका धेरै भाग डढेर कालो भएको, दाँत भाँच्चिएको र अनुहार चिन्न नसक्ने अवस्थामा थियो।

बाँकी ३ पेजमा

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

**व्यवस्थापन, साइन्स र कम्प्युटर साइन्स संकायको पठनपाठन गर्दै आएको यस कोबास कलेजमा कक्षा ११ मा नयाँ भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं।**

**प्रवेश परीक्षा : मिति २०७८ साल साउन २९ गते**
**समय : बिहान ११ बजे**

*नोट : अनलाइनबाट पनि प्रवेश परीक्षा दिने व्यवस्था मिलाइएको जानकारी गराउँदछौं। साथै https://entrance.cobass.edu.np मा Log-In गरेर प्रवेश परीक्षा दिन सकिने छ।*

**कोबास कलेज**
विराटनगर
फोन नं. : ०२१-५७०५१२, ९८११००४०५२

## कुटाकुटमा एक जनाको मृत्यु

ओखलढुंगा, २७ साउन (हाम्रोमत)- ओखलढुङ्गाको सिद्धचरण नगरपालिका ५ चित्रेमा मंगलबार राति भएको आपसी झगडामा एक जनाको मृत्यु भएको छ।

स्थानीय ४२ वर्षीय पासाङ तेन्जी शेर्पा र ६३ वर्षीय आङ्गुबु शेर्पाबीच झगाडा भई कुटपिट हुँदा पासाङ तेन्जी शेर्पाको मृत्यु भएको हो।

झगडामा दुबै जना गम्भीर घाईते भएका थिए। सामुदायिक मिसन अस्पताल ओखलढुंगामा उपचारको क्रममा मृत्यु भएको थियो। आङ्गुबु शेर्पाको सोही अस्पतालमानै उपचार भईरहेको प्रहरीले जनाएको छ। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाको भनाइ छ।




